जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

# सडक मर्मत सम्भार समूह गठनका लागि मर्मत कार्यकर्ता छनौट सम्बन्धि सार्वजनिक सूचना

फलेवास नगरपालिका अन्तर्गतका तपसिलमा उल्लिखित सडकहरुमा नियमित मर्मत सम्भारका लागि सडक मर्मत सम्भार समूह गठन गर्न सडक मर्मत कार्यकर्ता छनौट गरी पठाईदिन पूर्वाधार विकास कार्यालय पर्वतद्धारा भएको अनुरोध वमोजिम निम्न उल्लिखित सडकहरुमा तोकिएको संख्या अनुसारका मर्मत कार्यकर्ता आवश्यक परेकोले *सडक मर्मत सम्भार समूह गठन सम्वन्धी मार्गदर्शन* वमोजिम उल्लिखित योग्यता पुगेका ईच्छुक सम्वन्धित सडक नजिकका वासिन्दाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र सम्वन्धित वडा कार्यालयमा रीतपूर्वक निवेदन दिनुहुन अनुरोध छ ।

**सूचना प्रकाशन मिति : २०८२।०९।१६**

| क्र.स | सडकको नाम | वडा नं | शुरु | अन्त | कामदार संख्या |
|---|---|---|---|---|---|
| १ | दोविल्ल फलेवास सडक (घैनेउलो झरना–फलेवास ढिक चन्दनी प्रा.वि. खण्ड) | ४ र ६ | घैनिउलो | चन्दनी प्रा.वि. | ४ जना |
| २ | मुडिकुवा वडा कार्यालय–खानीगाउँ चन्दनी घुम्ती सडक | ४, ५ | मुडिकुवा वडाकार्यालय | चन्दनी प्रा.वि. | २ जना |
| ३ | हिलेखोला–कार्किनेटा–थापाठाना सडक | १, २ | हिलेखोला | थापाठाना | ३ जना |

सडक मर्मत सम्भार समूहका सदस्यहरूले सडक सफा गर्ने र अनावश्यक सामान हटाउने आधारभूत कामहरूका साथै सामान्य मर्मतहरू गरेर सडक सूचारु अवस्थामा राखि राख्नका निमित्त सम्वन्धित सडकमा नियुक्त मर्मत कार्यकर्ताहरु सँगै मिलेर काम गर्नु पर्नेछ । यो काम चालु आर्थिक वर्षमा ०८२।८३ मा कुल ९५ दिन मात्र गर्नुपर्नेछ भने दैनिक ज्याला जिल्ला दररेटमा भएको कामदारको दर लागू हुनेछ । ज्याला भुक्तानी पूर्वाधार विकास कार्यालय पर्वतको नियमानुसार सोही कार्यालयद्धारा हुनेछ । यदि सडकको राम्रो मर्मत नभएको खण्डमा ज्यालाको रकमवाट कट्टी गरिनेछ ।

सडक मर्मत सम्भार समूहका सदस्यहरूको छनोट तल लेखिएका मापदण्डहरू वमोजिम हुनेछ । यसभन्दा पहिले सडक मर्मत कार्यसम्वन्धी अनुभवलाई ग्राह्यता दिन सकिनेछ । पढ्न र लेख्न सक्ने साक्षर र प्रार्थमिक तहसम्म पूरा गरेकोलाई ग्राह्यता दिइनेछ ।

**<u>आवश्यक योग्यता</u>**

**<u>प्राविधिक योग्यता</u>**

१ १८ वर्षभन्दा माथिको हुनैपर्दछ र ६० वर्ष भन्दा कमको हुनुपर्दछ ।

२ सडकको मर्मत सम्भारका लागि काम गर्न शारीरिक तथा मानसिक रूपमा सक्षम हुनै पर्दछ ।

३ कामदार मर्मत सम्भार गर्नुपर्ने सडकको नजिकै बसोवास गरेको हुनैपर्दछ (हिँड्ने समय कम लाग्ने) ।

**<u>सामाजिक योग्यता</u>**

१ व्यक्ति वेरोजगार अथवा २५ प्रतिशतभन्दा कम समयका लागि मात्र रोजगारी भएको हुनैपर्दछ ।

२ वडाका सवभन्दा विपन्न र सीमान्तीकृत मानिसहरूलाई प्राथमिकता दिइनेछ ।

३ महिला उम्मेदवारहरूलाई प्राथमिकता दिइनेछ । तर सडक मर्मत सम्भार समूहमा कम्तीमा पनि ३३ प्रतिशत महिला अनिवार्य हुनेछ ।

४ सडक मर्मत सम्भार समूहमा कम्तीमा ४० प्रतिशत सुविधावाट वञ्चित समूहहरूवाट (दलित, जनजाति, अन्य पाखा पारिएका र वञ्चित समूहहरू) हुनैपर्दछ ।

**<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>**

- नगारिकताको प्रतिलिपी, प्रार्थमिक तह उत्तिर्ण भएको भए प्रमाण, अनुभव खुल्ने कागजात, निवेदनमा फोटो टाँस गर्ने ।
- निवेदन दिने अन्तिम मितिः २०८२ साल पौष २२ गते र निवेदन सम्वन्धित वडाकार्यालयमा बुझाउनुपर्नेछ ।

थप जानकारीका लागि सम्वन्धित वडा कार्यालय अथवा फलेवास नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

Scanned with CamScanner